**प्रस्तावहरु**

१. जनता संग स्थानीय सरकार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ सम्वन्धमा ।
२. झोलुङ्गे पुल माग सम्वन्धमा ।
३. दीर्घरोगी, विपन्न नागरिकलाई आर्थिक सहायता सम्वन्धमा ।
४. शैक्षिक गुणस्तर सुधार कार्यक्रम २०७९ का लागि प्रस्तावना छनौट सम्वन्धमा ।
५. शैक्षिक गुणस्तर अभिवृद्धि तथा सुदृढीकरण कार्यविधि, २०७९ सम्वन्धमा ।
६. गाउँ शिक्षा योजना निर्माण कार्यदल गठन सम्वन्धमा ।
७. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा ।
८. कृषि/पशु पकेट कार्यक्रम सम्वन्धमा ।
९. ने.रा.प्रा.वि. थक्लेनीको भवन निर्माण वचत रकम सम्वन्धमा ।
१०. शिक्षकलाई काज खटाउने सम्वन्धमा ।
११. लिफ्ट खानेपानीको आयोजनाको न्युनतम शुल्क सम्वन्धमा ।
१२. मिटरवक्स र एमसिवि माग विवरण पठाउने सम्वन्धमा ।
१३. समिक्षा सम्वन्धमा ।
१४. सार्वजनिक सेवा प्रवाह सम्वन्धमा ।
१५. विवाह गर्नुअघि वडा कार्यालयको सिफारिस अनिवार्य सम्वन्धमा ।
१६. अन्य संस्था आर्थिक सहायता सम्वन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा जनता संग स्थानीय सरकार कार्यक्रमलाई वस्तुनिष्ट र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि जनता संग स्थानीय सरकार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ लाई स्वीकृत गरी कार्यान्वयन गर्ने र हालसम्म कायम रहेको जनता संग अध्यक्ष कार्यान्वयन कार्यविधि, २०७६ खारेज गर्ने निर्णय समेत गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा नेपाल सरकार शहरी विकास मन्त्रालय स्थानीय पूर्वाधार विभाग ललितपुरको च.नं २३० तथा मिति २०७९/१०/१६ को पत्रानुसार नेपाल सरकारको पन्ध्रौ योजनाले आभारभुत सेवा पँहुच पुर्याउने उद्देश्य आधा घण्टाको फेरोमा ल्याउने लक्ष्य लिएको देखिएकोले झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमलाई उच्च प्राथमिकता राखि आगामी ३ वर्ष भित्र आवश्यक सवै झोलुङ्गे पुल निर्माण सम्पन्न गर्नका लागि यस माण्डवी गाउँपालिका भित्र आवश्यक पर्ने झोलुङ्गे तपसिलका झोलुङ्गे पुल माग गर्ने निर्णय गरियो ।

| क्र स | झोलुङ्गे पुलको नाम | रहने स्थान/ठेगाना | कै |
|---|---|---|---|
| १ | वायखोला देखि सरुमारानी ६ किमिचौर जोड्ने झोलुङ्गे पुल योजना | माण्डवी गा पा १ | |
| २ | रातापानी देखि माण्डवी २ काभ्रे जोड्ने झोलुङ्गे पुल योजना | माण्डवी गा पा २ | |
| ३ | फल्देपाखा देखि वंगलाचुली ६ बाटुले जोड्ने झोलुङ्गे पुल योजना | माण्डवी गा पा २ | |
| ४ | सल्लीवेशी देखि माण्डवी ३ मार्सिवाङ हिरङखोला जोड्ने झोलुङ्गे पुल योजना | माण्डवी गा पा ३ | |
| ५ | देविस्थान देखि माण्डवी १ त्रिवेणी जोड्ने झोलुङ्गे पुल योजना | माण्डवी गा पा ३ | |
| ६ | जावुने देखि माण्डवी ५ चकचके जोड्ने झोलुङ्गे पुल योजना | माण्डवी गा पा ३ | |
| ७ | मुखचौर देखि वंगलाचुली ६ अमारे जोड्ने झोलुङ्गे पुल योजना | माण्डवी गा पा ४ | |
| ८ | जोत्रे देखि मल्लरानी ५ धुँदी जोड्ने झोलुङ्गे पुल योजना | माण्डवी गा पा १ | |

प्रकाश पाण्डे

३. प्रस्ताव नं ४ माथि छलफल गर्दा गाउँपालिकामा आर्थिक सहयोगका लागि विभिन्न वडाबाट आर्थिक सहयोगका लागि वडा कार्यालयको सिफारिस सहित प्राप्त भएका तपसिल बमोजिमका दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति तथा अन्य विभिन्न किसिमका अशक्त र विपन्न व्यक्तिहरुलाई तपसिलको दरले रकम भुक्तानी गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८०मा विनियोजन भएको वार्षिक स्वीकृत कार्यक्रम अनुसार विनियोजन भएको बजेट शीर्षक अन्य सामाजिक सुरक्षा रकमबाट भुक्तानी गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | नाम,थर | ठेगाना | समस्या | राहत रकम रू |
|---|---|---|---|---|
| १ | चन्द्र कुमारी मल्ल | माण्डवी गा.पा.५ | मुटुको समस्या | ५,०००।०० |
| २ | यमा खत्री | माण्डवी गा.पा.२ | मुटुको समस्या | ५,०००।०० |
| ३ | लक्ष्मी राना मगर | मल्लरानी गा.पा.३ | टाउकोमा समस्या | ५,०००।०० |
| ४ | माया नेपाली | माण्डवी गा.पा.१ | मुटुको समस्या | ५,०००।०० |
| ५ | मैसरि देवी कमेनी | माण्डवी गा.पा.१ | ढाडको समस्या | ५,०००।०० |
| ६ | गमा देवी खत्री क्षेत्री | माण्डवी गा.पा.१ | मानसिक समस्या | ५,०००।०० |
| ७ | प्रिसन घर्ति | माण्डवी गा.पा.१ | पेट सम्बन्धि समस्या | ५,०००।०० |
| ८ | मुकेश वि.क | माण्डवी गा.पा.१ | मुटुको समस्या | ५,०००।०० |
| ९ | दान बहादुर बिटालु | माण्डवी गा.पा.१ | खुट्टा भाचिएको समस्या | ५,०००।०० |
| १० | दोण्र बहादुर कार्की | माण्डवी गा.पा.४ | प्रोस्टेको समस्या | ५,०००।०० |
| ११ | डिला राना | माण्डवी गा.पा.५ | मुटुको समस्या | ५,०००।०० |
| १२ | जमान सिं के.सी | माण्डवी गा.पा.५ | मुटुको समस्या भई मृत्यु | १०,०००।०० |
| | जम्मा | | | ६५,०००।०० |

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० मा एस.ई.एस. पी कार्यक्रम अन्तर्गत विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानका लागि विद्यालयबाट पेश भएका प्रस्तावहरुलाई विज्ञान प्रयोगशाला अनुदान र तोकिएको सूचकाङ्कमा आधारमा कार्यसम्पादन गर्ने विद्यालयलाई कार्यसम्पादन अनुदान मध्ये तपसिलका विद्यालयहरुलाई विज्ञान प्रयोगशाला अनुदान र कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान लागि प्रस्तावना छनौट गर्ने निर्णय गरियो।

तपसिल

**विज्ञान प्रयोगशालाको लागि**

- गणेश माध्यामिक विद्यालय माण्डवी गा पा १ तिराम।

**कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

- गणेश आ वि माण्डवी २ ढिकावन
- रामेश्वरी प्रा वि माण्डवी गा पा ३ आँपचौर
- माण्डवी मा वि माण्डवी गा पा १ नयाँगाउँ
- कृष्ण आ. वि. माण्डवी गा पा ३ मार्सिवाङ

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा गाउँपालिकाको शिक्षा क्षेत्रमा शैक्षिक गुणस्तर अभिवृद्धि गरी सक्षम र नैतिकवान जनशक्ति विकासमा टेवा पुर्याउन र शैक्षिक वातावरणलाई व्यवस्थित वनाउन लागि शैक्षिक गुणस्तर अभिवृद्धि तथा सुदृढीकरण कार्यविधि, २०७९ स्वीकृत गरि लागु गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा गाउँपालिकाको शिक्षा योजना निर्माण सम्वन्धमा दशवर्षीय गाउँ शिक्षा योजना निर्माणका लागि तपसिलका कार्यदल निर्माण गर्ने निर्णय गरियो ।

क. प्रमुख प्रशासकीय अधिकृत –संयोजक

ख. सामाजिक विकास समिति संयोजक- सदस्य

ग. श्री गणेश माध्यमिक विद्यालय तिराम प्रधानाध्यापक बलराम पुन मगर - सदस्य

घ. श्री सुन्नानी आधार माध्यमिक विद्यालय मर्कावाङ्ग प्रधानाध्यापक खिमान्नद अधिकारी - सदस्य

ङ. श्री माण्डवी माध्यमिक विद्यालय नयाँगाउ प्रधानाध्यापक मेघराज पौडेल- सदस्य

च. श्री कामक्षी माध्यमिक विद्यालय उदयपुरकोट शिव बहादुर थापा - सदस्य

छ. श्री बागिश्वरी माध्यमिक विद्यालय तिग्रा प्रधानाध्यापक घनश्याम भण्डारी – सदस्य

ज. निवृत शिक्षक श्रीकुमार अधिकारी माण्डवी गा पा १- सदस्य

झ. प्राविधिक सहायक तुल्सी कार्की सदस्य सचिव

७. प्रस्तान नं ७ माथि छलफल गर्दा कामका लागि पारिश्रमिक (रोजगारी सृजना) का लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमको मिति २०७९/०९/२१ गते, च नं २७३ को पत्रानुसार ५० दिन वरावरको रोजगारी सृजना र ५० दिन वरावरको सीप विकास तालिम सञ्चालन वजेट उपशीर्षक ३७१००१०३ बाट गर्नु भनि आएको तर तालिम सञ्चालनको लागि मन्त्रालयले ढिला गरेकोमा यस कार्यालयबाट अविलम्न तालिम सञ्चालनको लागि पत्र पठाईएको र सो पत्रको कुनै पनि प्रतिक्रिया नभएको हुँदा समय अभावको कारणले गर्दा यस आर्थिक वर्ष २०७९/०८० मा श्रमिकलाई १०० दिन वरावरको रोजगारीमा लगाउने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा माण्डवी गाउँपालिका अन्तर्गत पकेट विकास कार्यक्रम कार्यान्वयनका लागि यस गाउँपालिकाबाट प्रकाशित सूचनाअनुसार पेश हुन आएका विभिन्न फर्म/समुहको प्रस्तावनाहरुको विश्लेषण गर्दा माईकादेवी तरकारी उत्पादन कृषि समुह माण्डवी गाउँपालिका वडा नं ३ दारिमचौर च्याउ वालिको लागि र शान्तिचौर कृषि तथा पशुपन्छी समुह माण्डवी गा पा १ तिराम तरकारी पकेट विकास कार्यक्रमका लागि छनौट गर्ने निर्णय गरियो । त्यस्तै साना कृषि उत्पादन केन्द्र पकेट विकास निरन्तरताको लागि विभिन्न फर्म/समुहबाट प्राप्त हुन आएका प्रस्तावहरुको मुल्याङ्कन गर्दा उदयपुरकोट कृषि तथा पशुपन्छी समुह माण्डवी गापा ३ र ४ अदुवा/वेसार र खुक्लीचौर कृषि तथा पशुपंक्षी समुह माण्डवी गा पा २ खुक्लीचौर बाख्रा पटेक कार्यक्रममा लागि छनौट गरियो ।

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा माण्डवी गाउँपालिका १ थक्लेनी स्थित ने.रा. आ.वि. थक्लेनीको आर्थिक वर्ष २०७९/०८० को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विनियोजित अनुदान रकम रु ५०,००,०००/- अक्षरेपी पचास लाख मात्र बाट विद्युतीय माध्यमबाट ठेक्का आह्वान गर्दा ३६,९०,३५६,०७ अक्षरेपी छत्तीस लाख नव्वे हजार तीन सय छपन्न रुपैयामा ठेक्का परी कार्यान्वयमा आएको । ठेक्का गर्दा वचन हुन आउको रकम १३,०९,०००/- अक्षरेपी तेह्र लाख नौ हजारबाट शिलवन्दी दरभाउ विधिबाट ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा शिक्षा शाखामा जनशक्ति कमि हुँदा शाखाबाट हुने कामकारवाहि तथा अन्य शैक्षिक गतिविधिहरुको अनुगमन मुल्याङ्कन तथा समग्र शिक्षा क्षेत्रमा सुधार गर्न अप्ठ्यारो परेको सन्दर्भमा एक जना माध्यमिक तह स्थायी शिक्षकलाई गाउँपालिका शिक्षा शाखामा कामकाजमा खटाउने निर्णय गरियो ।

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

११.प्रस्ताव नं ११ माथि छलफल गर्दा माण्डवी गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुका विभिन्न स्थानहरुमा सञ्चालनमा रहेको लिफ्ट खानेपानी आयोजनाको खानेपानी महसुलमा लाग्ने न्युनतम रकम लिफ्ट खानेपानी आयोजनाले भुक्तानी गरेको विल विजक पेश गरी माग गरेमा भुक्तानी दिने निर्णय गरियो।

१२.प्रस्ताव नं १२ माथि छलफल गर्दा माण्डवी गाउँपालिका अन्तर्गतका गरिव विपन्न असहाय अशक्त नागरिकका परिवारलाई निशुल्क वितरण गरिने मिटर,वक्स, तार तथा एमसिवी वितरणका लागि प्रत्येक वडाबाट २०/२० जनाको दरले सिफारिस गरी पठाउने र सोही बमोजिम वितरण गर्ने निर्णय गरियो।

१३. प्रस्ताव नं १३ माथि छलफल गर्दा माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९ पौष २१ र माघ २९ गते वसेको वैठकले गरेको निर्णयहरुको सम्वन्धमा प्रत्येक निर्णयको कार्यान्वयनको अवस्थाको व्यापक समिक्षा गरियो। धेरै निर्णयहरु कार्यान्वयनमा गईसकेका तथा वाँकी निर्णय कार्यान्वयन सिघ्र गर्न गाउँपालिका प्रशासनलाई निर्देशन दिने निर्णय गरियो।

१४.प्रस्ताव नं १४ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई जनमुखि, उत्तरदायि र प्रभावकारी वनाउनका लागि सेवा प्रवाहको नवीनतम प्रविधिमा जोड दिने निर्णय गरियो।

१५. प्रस्ताव नं १५ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा व्यापक रुपमा वालविवाह भएको र त्यसले वालबालिकाको शारिरिक मानसिक तथा संवेगात्मक असर परिरहेकोले वालि विवाहलाई न्युनीकरण गर्नका लागि गाउँपालिका भित्रका वेले अनिवार्य वडा कार्यालयको विवाह अनुमति लिएर मात्र विवाह गर्ने दिने निर्णय गरियो।

१६. प्रस्ताव नं १६ माथि छलफल गर्दा यस कार्यालयमा आर्थिक सहयोगका लागि विभिन्न संघ, संस्था तथा संगठनहरु विभिन्न समयमा लागि पेश गरेको निवेदन बमोजिम तपसिलका संघ संगठनहरुलाई तपसिल बमोजिम अन्य संस्था आर्थिक सहायता वजेट शीर्षकबाट व्ययभार हुने रकम भुक्तानी गर्ने निर्णय गरियो।

तपसिल

| क्र स | नाम/ठेगाना | दिने रकम | कै |
|---|---|---|---|
| १ | त्रिवेणी धाम क्षेत्र विकास समिति माण्डवी गा पा १ प्यूठान | ४५,६८०/- | |
| २ | जनपत्रकार संगठन नेपाल जिल्ला समिति प्यूठान | १०,०००/- | |
| ३ | नेपाल कम्युनिष्ट पार्टी मसाल | १०,०००/- | |
| ४ | अखिल नेपाल युवक संघ केन्द्रिय समिति | १०,०००/- | |
| ५ | नेपाल पत्रकार महासंघ जिल्ला शाखा प्यूठान | १०,०००/- | |
| ६ | हिन्दु स्वयंसेवक संघ नेपाल प्यूठान | १०,०००/- | |
| ७ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) जिल्ला समिति प्यूठान | १०,०००/- | |
| ८ | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन केन्द्रिय कमिटी | १०,०००/- | |

१७. प्रस्ताव नं १७ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं ५ स्थित वागिश्वरी माध्यामिक विद्यालय तिघराले कक्षा ८ र १० का विद्यार्थीहरुलाई अतिरिक्त कक्षा सञ्चालन गर्न विद्यार्थीहरुलाई विद्यालयमा राखी अतिरिक्त कक्षा सञ्चालन गर्नका लागि आर्थिक सहयोगका लागि पेश गरेकोले उक्त विद्यालयलाई सम्पूर्ण खर्चको विल भर्पाई प्रतिवेदन प्रस्तावनका आधारमा रकम भुक्तानी गर्ने गरी रु २,००,०००/- अक्षरेपी दुई लाख मात्र विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन खर्च शीर्षकबाट व्यभार हुने भुक्तानी दिने निर्णय गरियो

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत